# न्यु स्टक ब्रोकर एशोसिएसन नेपाल

दरबारमार्ग, काठमाण्डौं ।

मितिः २०८०/०३/०३

मा. केपी शर्मा ओलीज्यू,
अध्यक्ष,
नेपाल कम्युनिष्ट पार्टी (एमाले)
च्यासल, ललितपुर ।

## ज्ञापन पत्र

## (नयाँ धितोपत्र दलाल व्यवसायी तथा व्यापारीको लाइसेन्स सम्बन्धमा)

आदरणीय अध्यक्षज्यू समक्ष नेपालको पूँजी बजार विकास तथा विस्तारमा नेपाल सरकार, मन्त्री परिषद तथा मातहतका मन्त्रालय एवं नियामक निकाय नेपाल धितोपत्र बोर्डबाट विभिन्न चरणहरुमा आवश्यकता बमोजिमका कार्यहरु भइरहेको अवगत गराउँदछौं । यसै परिप्रेक्ष्यमा नेपाल धितोपत्र बोर्डबाट मिति २०७९ असोज ०२ गते नयाँ धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको अनुमति दिने सम्वन्धमा सूचना भई सो अनुरुप प्राप्त निवेदन उपर नेपाल धितोपत्र बोर्डबाट विभिन्न कानूनी तथा अन्य विभिन्न अड्चनहरुलाई टुंगो लगाउँदै सम्माननीय सर्वोच्च अदालतबाट जारी अन्तरिम आदेश उपर मिति २०७९ चैत्र २६ को फैसला भएपश्चात आवश्यक प्रक्रिया अगाडि बढाउँदै विभिन्न ४३ वटा नयाँ कम्पनीहरुलाई धितोपत्र दलाल व्यवसाय तथा धितोपत्र व्यापारी सम्बन्धी कार्य अगाडि बढाउन आशय पत्र जारी गरीसकेको छ । यसै अनुरुप नयाँ धितोपत्र दलाल तथा धितोपत्र व्यापारी कम्पनीहरुले धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा व्यापारी) नियमावली, २०६४ (पाँचौं संशोधन सहित) अनुरुप तोकिएको मापदण्ड पूरा गरी नेपाल धितोपत्र बोर्डबाट पूर्वाधार निरीक्षण सम्पन्न भई दुई चरणबाट १८ वटा नयाँ धितोपत्र दलाल व्यवसायीहरुले अनुमति पाइसकेको र सो मध्येबाट ७ वटा धितोपत्र दलाल व्यवसायीहरुले नेपाल स्टक एक्सचेन्ज लि. वाट पूर्वाधार तयारी गरी जानकारी गराउने आशय पत्र समेत जारी गरेको र उपरोक्त ७ वटा नयाँ धितोपत्र दलाल व्यवसायीहरुले धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ ( तेश्रो संशोधन २०७९) अनुरुप तोकिएको भौतिक पूर्वाधारहरु पूरा गर्नुका साथै आवश्यक सम्पूर्ण कर्मचारीहरु भर्ना गरी कार्यालय समेत सञ्चालन गर्ने व्यवस्था मिलाइसकेको अवस्थामा मिति २०८० जेष्ठ २९ गते हठात रुपमा अविश्वसनीय ढंगबाट सम्माननीय सर्वोच्च अदालतबाट मिति २०७९ चैत्र २६ गते भएको फैसलालाई समेत चुनौति हुने गरी प्रतिनिधि सभा नियमावली २०७९ को नियम १७८ बमोजिम सम्माननीय अर्थसमितिलाई तोकिएको काम, कर्तव्य र अधिकारभन्दा बाहिर गई केही सीमित सिण्डिकेट र एकाधिकार बजार चाहने हाल सञ्चालनमा रहेका धितोपत्र दलाल व्यवसायीहरुको गुमराहमा परी तिनीहरुको सिण्डिकेटलाई कायम गर्न मद्दत पुग्ने गरी करीब आधा करोड लगानीकर्ताहरुको आशा र विश्वासको विपरीत बजारको विकास र विस्तारलाई रोक्ने उद्देश्यले नेपाल सरकार, अर्थमन्त्रालय, धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जलाई जारी निर्देशनले नेपालको पूँजी बजारमा भएको यत्ती ठूलो प्रगतिलाई रोक्ने भएको हुँदा यस्तो पूर्वाग्रह पूर्ण निर्देशनलाई तुरुन्त खारेज गर्न आफ्नो पार्टीका माननीयज्यूहरुलाई निर्देशन प्रदान गरिदिनुहुन हामी हार्दिक आग्रह गर्दछौं ।

नेपाल धितोपत्र बोर्डबाट नेपाल मै पहिलोपटक कोटा प्रणालीलाई नै बन्द गरी Open Entry – Open Exit विधिबाट पूँजी, अनुभव र योग्यताका आधारमा छनौट भएका धितोपत्र दलाल तथा व्यापारी थप्ने यो प्रक्रिया करिव १६ वर्ष पछि पहिलो पटक हुँदै गर्दा सम्माननीय प्रधानमन्त्रीको कार्यालय, मन्त्री परिषद, अर्थमन्त्रालय, नेपाल धितोपत्र बोर्डबाट पूँजी बजारको विकास र विस्तारमा चालिएको यति ठूलो सकारात्मक कदमको स्वागत गर्नुपर्नेमा उल्टै अर्थसमिति अन्तरगतका माननीयज्यूहरुबाट सिण्डिकेट र एकाधिकारी बजारको पक्षमा रहने किसिमबाट निर्देशन प्राप्त भएको देखिएको हुँदा आदरणीय अध्यक्षज्यूले

CamScanner

यथाशक्य छिटो आफ्नो दलअन्तरगत उक्त आर्थिक समितिमा रहनुभएका आफ्ना माननीयज्यूलाई बजारको विकास र विस्तारमा रहने किसिमबाट अगाडि बढ्नका लागि आवश्यक निर्देशन प्रदान गर्नुहुनेछ भन्ने विश्वास हामीले लिएका छौं । साथै सम्मानित सर्वोच्च अदालतको मिति २०७९ चैत्र २६ गतेको फैसलाको विरुद्धमा, संविधानको धारा १२८ लाई समेत उल्लंघन गरेर अर्थ समितिले दिइएको सो पूर्वाग्रह पूर्ण, सीमित व्यवसायीको सिण्डिकेट र बजारमा एकाधिकारको अवस्थालाई निरन्तरता दिने ढंगबाट जारी भएको निर्देशनलाई खारेज गर्दै आफ्नो दलको तर्फबाट नेपालको संविधानको धारा १२८ लाई पूर्ण रुपमा परिपालना गर्न आवश्यक पहलकदमी तथा सहजीकरण गरिदिनुहुन समेत हामी आदरणीय अध्यक्षज्यू समक्ष हाम्रो संगठनको तर्फबाट हार्दिक अनुरोध गर्दछौं ।

हामी ४३ वटा नयाँ धितोपत्र दलाल व्यवसायी तथा व्यापारी कम्पनीहरुले करिब रु. १३ अर्ब पूँजी संकलन गरेर नेपाल धितोपत्र बोर्डबाट इजाजत पत्र तथा सदस्यता प्राप्त गर्ने क्रममा इजाजत वापत मात्रै करिब रु. १४ करोड राजस्व सरकारलाई तिरिसकेको, ४३ कम्पनीमा करिब ५०० जना कर्मचारीहरुलाई प्रत्यक्ष रोजगारी प्रदान गरेको, भौतिक पूर्वाधार वापत करिब रु.४० करोड जति रकम खर्च गरिसकेको तथा अहिले पनि हामी ४३ वटा कम्पनीहरुको मासिक औषत रु. ४ करोड कार्यालय सञ्चालनका क्रममा खर्च गरिरहेको अवस्था समेत अवगत गराउँदै आदरणीय अध्यक्षज्यू समक्ष निम्न विषयहरुलाई गम्भीरताका साथ लिईदिनु हुन एवं आफ्नो पार्टीको तर्फबाट अर्थ समितिमा संलग्न माननीयज्यूहरुलाई नेपालको पूँजी बजार सुधार तथा बजारको विकास एवं विस्तारको कार्यलाई नेतृत्व गर्ने निर्देशन प्रदान गरिदिनुहुनका लागि हामी हार्दिक आग्रह गर्दछौं ।

१) नेपालको पूँजी बजारको शुरुवात भएको ३० वर्ष लामो इतिहास भएता पनि बजारको विकास, विस्तार तथा पूर्वाधारका दृष्टिकोणबाट अझै पनि हामी धेरै पछाडी रहेका छौं । पूँजी बजारको विकास भए मात्रै देशभित्र उद्यमशीलताको विकास हुने तथा बचतको रकम लगानीमा परिणत भई सो रकम राज्यको विकासमा विभिन्न तरिकाबाट परिचालन हुने अवस्था बन्दछ ।

२) धितोपत्र बजारको विकास, विस्तार तथा सुधारको नेतृत्व लिएको नेपाल धितोपत्र बोर्डबाट नियमन भई सो अन्तरगत रहने बजार सञ्चालक, राफसाफ निकाय, धितोपत्र दलाल तथा व्यापारी कम्पनीहरु, मर्चेन्ट बैंकर तथा सूचीकृत कम्पनीहरु सबै मिलेर पूँजी बजारको पूर्वाधार तयार भएको हुन्छ ।

३) यसक्रममा सबैभन्दा अग्रणी स्थानमा लगानीकर्ताहरुलाई सेवा प्रवाहका लागि धितोपत्र दलाल तथा धितोपत्र व्यापारीहरु रहेका हुन्छन् । यिनीहरुले लगानीकर्ता र बजारको बीचमा पूलको काम गर्ने गर्दछन् । धितोपत्र बजारको विकास, विस्तार तथा बजार सञ्चालनका क्रममा धितोपत्र दलालहरुको निकै ठूलो हात रहने गर्दछ ।

४) तर नेपालको पूँजी बजारको विकास र पूर्वाधारको अवस्था हेर्ने हो भने वि.सं. २०५० सालमा २३ वटा धितोपत्र दलाल भएको बजारमा वि.सं. २०६४ सालमा थप २७ वटा धितोपत्र दलाल थप गरीएको थियो । यसरी २०६४ सालमा कायम ५० वटा धितोपत्र दलाल सदस्य हुँदा पूँजी बजारमा प्रत्यक्ष रुपमा संलग्न लगानीकर्ताहरुको संख्या झण्डै २५ हजार रहेको थियो । आर्थिक वर्ष २०७८/७९ सम्म आइपुग्दा दोश्रो बजारमा संलग्न सक्रिय लगानीकर्ताको संख्या २० लाख पुगिसकेको छ भने प्राथमिक बजारमा संलग्न हुने लगानीकर्ताहरुको संख्या ५६ लाख पुगेको छ ।

५) यस्तै गरी सूचीकत कम्पनी तथा तिनीहरुको पूँजीको संख्यामा पनि ठूलो वृद्धि भएको छ । आगामी दिनमा यो संख्यामा ठूलो वृद्धि हुने अवस्था रहेको देखिन्छ । नेपाल सरकारले गएको आर्थिक वर्षको बजेटबाट १ अर्ब माथिको पूँजी भएको तथा रु. ५ अर्ब माथिको कारोबार रहेको कम्पनीहरुलाई प्राथमिक निष्काशन तथा धितोपत्र बजारमा सूचिकरण गर्नका लागि प्रोत्साहनको नीति लिइएको छ । यसबाट समेत कम्पनीहरुको संख्यामा वृद्धि भइराखेको छ ।

# न्यु स्टक ब्रोकर एशोसिएसन नेपाल

**दरबारमार्ग, काठमाण्डौ ।**

नेपाल धितोपत्र बोर्डबाट प्राइभेट इक्विटि तथा भेन्चर क्यापिटल सम्बन्धी कार्य गर्नको लागि अनुमति दिईसकिएको छ । यसबाट समेत आगामी दिनमा ठूलो संख्यामा सूचिकृत हुने कम्पनीहरु वृद्धि हुने देखिन्छ । यसबाहेक पनि हाइड्रोपावर कम्पनीहरु, वास्तविक क्षेत्रका कम्पनीहरु ठूलो संख्यामा पूँजी बजारमा सूचिकृत हुने क्रम बढिरहेको हुँदा छिटै नै यस्ता सूचीकृत हुने कम्पनीहरुको संख्या ५०० नाघ्ने देखिन्छ ।

६) यसबाहेक पूँजी बजारका अन्य विभिन्न वित्तिय औजारहरु जस्तै सरकारी ऋणपत्र, संस्थागत ऋणपत्र, ट्रेजरी बिल्स, फ्युचर तथा अप्सन जस्ता डेरिभेटिभ औजारहरु आगामी दिनहरुमा थपिने भएको हुँदा लगानीकर्ताहरुलाई यी सबै सेवाहरु दक्ष तथा अनुभवी जनशक्तिबाट उच्च प्रविधि तथा गुणस्तरीय सेवा सहित प्रदान गर्नुपर्ने हुन्छ । यसका साथै इन्ट्रा डे कारोबार तथा सर्ट सेलिङ्ग जस्ता सुविधाहरु कारोबारमा थप गर्ने प्रक्रियामा नेपाल धितोपत्र बोर्ड अगाडि बढिरहेको हुँदा आगामी दिनमा लगानीकर्ताहरुलाई थप सहज कारोबार प्रणाली तथा चुस्त दुरुस्त राफसाफ सेवाको आवश्यकता रहन्छ ।

७) हाल सञ्चालनमा रहेका धितोपत्र दलालहरुको संख्या वि.सं. २०६४ बाट थप हुन सकेको छैन । जसका कारण बजारमा यिनीहरुले गुणस्तरीय सेवा, कारोबार गर्ने पर्याप्त सुविधा, आधुनिक प्रविधि, दक्ष कर्मचारी लगायतका विषयहरुमा अटेर गर्दै लगानीकर्ताहरु माथि निरन्तर सिण्डिकेट कायम गर्दै आएको देखिन्छ । जसबाट हालका ५० वटा धितोपत्र दलाल व्यवसायीहरुले पूँजी बजारका नियामक निकाय तथा बजार सञ्चालकबाट प्राप्त हुने निर्देशनहरुलाई लत्याउँदै वजारको विकास तथा विस्तारलाई संकुचित पार्दै एकाधिकार कायम गर्दै आएको देखिन्छ ।

८) नेपालको लोकतान्त्रिक संविधानले नै खुला बजार र खुला अर्थतन्त्रको नीतिलाई अवलम्बन गरिसकेको परिप्रेक्ष्यमा बजारको आवश्यकता अनुसार खुला प्रतिस्पर्धात्मक वातावरणमा आम नेपाली लगानीकर्ता जो सुकैले लगानी गर्न सक्ने नैसर्गिक अधिकार दिइएको छ । खुला तथा प्रतिस्पर्धात्मक बजारले राज्यको आम्दानीको श्रोत बढाउनुका साथै लगानीकर्ता तथा सेवाग्राहीले समेत सर्वसुलभ रुपमा गुणस्तरीय तथा भरपर्दो सेवा प्राप्तिको सुनिश्चितता प्रदान गर्दछ ।

९) हामी तलको तालिकामा नेपाली पूँजी बजारमा गएको ५ आर्थिक वर्षको यथार्थ तथ्यांक हेर्न सक्दछौं ।

**नेपाल स्टक एक्स्चेन्जको कारोबार सम्बन्धी तथ्यांक**

| विवरण | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ |
|---|---|---|---|---|---|
| कूल कारोबार (रु. लाखमा) | १२१,३९१।०९ | ११०,०७४।९७ | १५०,०३९।४५ | १,४५४,४४४।२४ | १,२०,२१,०१४ |
| औषत दैनिक कारोबार (रु. लाखमा) | ४३१।६७ | ४३५।०५ | ८,२४३।९ | ५९,१२३।७ | ५०,२९७१ |
| कारोबार संख्या (रु. हजारमा) | १,३१०,१३८ | १,४२२,७९१ | १,८४८,७७३ | १५,४१७,६६८ | १४,७१२,४८३ |
| बजार पुंजीकरण (रु. दशलाखमा) | १,४३५,१३७।६७ | १,५६७,४९९।३९ | १,७९२,७६२।६७ | ४,२१६,००१।६२ | २,८६९,३४४।१७ |
| सुचिकृत कम्पनीको संख्या | १९६।०० | २१५।०० | २१२।०० | २१९।०० | २३४।०० |
| सुचिकत शेयरको संख्या (रु. हजारमा) | ३५[illegible]५।१२ | ४२०६६०१।९८ | ४८२७५८१।५८ | ५८२६०४८।२६ | ६७७१२२६।५४ |
| दलाल संख्या | ५० | ५० | ५० | ५० | ५० |

*स्रोतः नेपाल स्टक एक्सचेन्ज लि.को वार्षिक प्रतिवेदन तथा कारोबार प्रतिवेदन*

CamScanner

# न्यु स्टक ब्रोकर एशोसिएसन नेपाल

दरबारमार्ग, काठमाण्डौं ।

अनलाइन विद्युतिय कारोबार प्रणालीको शुरुवात हुनुपूर्व करिब ३ लाखको संख्यामा रहेको डिम्याट खाता हालको अवस्थामा बढेर ५६ लाख कटिसकेको छ । साथै २०६४ साल तिर दोश्रो बजारमा सक्रिय लगानीकर्ता करिब २५ हजार र दलाल संख्या ५० रहेको मा हाल दोश्रो बजारमा कारोबार गर्ने सक्रिय ग्राहकको संख्या बढेर २० लाख कटि सकेको छ भने दलालको संख्या भने अझै पनि ५० वटामा मात्रै सीमित रहेको छ । यसका साथै आर्थिक वर्ष २०७४/७५ मा वर्षभरीमा रु. १२ अर्ब कारोबार हुने गरेकामा आर्थिक वर्ष २०७८/७९ सम्म आइपुग्दा कारोबार रकम बढेर वर्षभरीमा रु. १२०० अर्ब कटेको देखिन्छ । यस्तै दैनिक कारोबार रकम आर्थिक वर्ष २०७४/७५ मा औषत रु. ४ करोड हाराहारी रहेकामा आर्थिक वर्ष २०७८/७९ मा आइपुग्दा यो रकम बढेर दैनिक औषत रु. ५०० करोड माथि रहेको देखिन्छ । यद्यपि धितोपत्र दलालको संख्या भने अझै पनि ५० वटा मात्रै सीमित रहेको देखिन्छ ।

१०) नेप्सेले वि.सं. २०७९ साल जेष्ठमा सम्पन्न गरेको एक अध्ययनले १७८ वटा तथा वि.सं. २०७७ मा गरेको अर्को अध्ययनले १३० वटा नयाँ धितोपत्र दलाल सदस्य थप गर्न सकिने अध्ययन प्रतिवेदन सार्वजनिक गरेको छ ।

११) धितोपत्र बोर्डले अहिलेसम्मकै सबैभन्दा बोल्ड निर्णय गर्दै नेपालमा पहिलोपटक सिंगापुर मोडेलबाट Open Entry र Open Exit वातावरण सिर्जना गर्दै हालको ५० वटा ब्रोकरको सिण्डिकेट र एकाधिकार तोड्ने कोशिश स्वरुप पहिलो पटक खुला रुपमा पूँजी, प्रविधि, दक्षता तथा अनुभवका आधारमा धितोपत्र दलाल तथा व्यापारी छान्ने गरी कार्य अगाडि वढाएको छ । धितोपत्र बोर्डले आगामी वर्षहरुमा पनि यसै गरी Open Entry र Open Exit विधिबाट नयाँ धितोपत्र दलाल व्यवसायी थप्दै जानेछ भन्ने हामीलाई विश्वास छ । किनकी हामीलाई विश्वास छ यस किसिमको अभ्यासले हाम्रो पूँजी बजारमा व्यवसायिकता, दक्षता र गुणस्तरीय सेवालाई बढाएर लैजाने वातावरण सिर्जना गर्नुका साथै नयाँ नयाँ प्रविधि, प्रडक्ट तथा बजारको पहुँच विस्तारमा उल्लेखनिय सघाऊ पुऱ्याउनेछ ।

१२) हालको सिण्डिकेट र एकाधिकार पूर्ण वातावरणमा सञ्चालित धितोपत्र दलाल व्यवसाय अहिले केवल पारिवारिक व्यवसाय जस्तो मात्रै भएको, अपारदर्शी भएको र धितोपत्रको दोश्रो बजार शुरुवात भएको ३० वर्ष नाघ्दा समेत हालका धितोपत्र दलाल व्यवसायीहरुले पूँजी, प्रविधि, गुणस्तरीय कारोबार सेवा, तोकिएको समयभित्रै राफसाफ सेवा लगायतका कार्य व्यवसायिक र दक्ष कर्मचारी राखी सम्पन्न गर्न नसकिरहेका कारण लगानीकर्ताहरुको अर्बौंको सम्पत्ति जोखिममा रहेको छ ।

१३) नेपाली पूँजी बजारको सुधार र विस्तार गर्ने दिशामा चालिएको वर्तमान कदमले ठूलो पूँजी सहित सञ्चालनमा आउँदा उच्चस्तरको गुणस्तरीय प्रविधि, थप रोजगारी, गुणस्तरीय सेवा सुविधाको सुनिश्चितता गर्नुका साथै लगानीकर्ताको सम्पत्तिको सुरक्षा तथा तोकिएको समयभित्रै राफसाफ कार्यको सुनिश्चितता गर्नेछ ।

१४) नेपालको हकमा बैंक वित्तीय संस्थाहरुले पूर्ण रुपमा नियामकीय परिपालना गर्दै आएको र व्यवसाय सञ्चालनका क्रममा पूर्ण व्यवसायिकता प्रदर्शन गर्दै आएको देखिन्छ । यही कुरा यिनीहरुको सहायक कम्पनीका रुपमा रहेको मर्चेन्ट बैंकरहरुमा पनि हेर्न सकिन्छ । तसर्थ बैंकको सहायक कम्पनीको रुपमा आउने धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले सोही किसिमको व्यवसायिकता प्रदर्शन गर्ने अपेक्षा गर्न सकिन्छ । अन्तर्राष्ट्रिय अभ्यास हेर्ने हो भने पनि हाम्रो छिमेकी मुलुक देखि विकसित देशहरुमा समेत बैंकको सहायक कम्पनीहरुले पूर्ण व्यवसायिक रुपमा धितोपत्र दलाल व्यवसाय सञ्चालन गर्दै आएको पाइन्छ ।

१५) नेपालको इतिहासमा पहिलो पटक समय सीमा तोकेर, तोकेको समय सीमाभित्र सम्पूर्ण कार्यहरु सबै पूर्ण रुपमा पारदर्शी ढंगबाट सबै प्रक्रियाहरु सम्पन्न गरी कार्य अगाडि बढाएको हामीले

CamScanner

# न्यु स्टक ब्रोकर एशोसिएसन नेपाल

दरबारमार्ग, काठमाण्डौ ।

देखेको छौं । यस बीच हामीहरुले पूँजी, प्रविधि तथा कार्यालयको पूर्वाधार, कर्मचारी तयार गर्नमा ठूलो लगानी समेत गरिसकेको अवस्था रहेको छ ।

१६) तसर्थ सम्मानित सर्वोच्च अदालतबाट समेत कानूनी परिक्षण भई निर्णय भइसकेको विषयलाई सर्वोच्च अदालत, मन्त्री परिषद तथा स्वयात्त नियामक निकायहरुको मानहानी हुने गरी गरिएको यस्तो किसिमको नकारात्मक प्रोपोगाण्डा विरुद्ध माननीयज्यूलाई आवश्यक कदम चाल्दै हाल पूँजी बजारमा कायम सिण्डिकेट र एकाधिकारलाई हटाउँदै हाम्रो हालसम्मको अनुभव र दक्षतालाई पूँजी बजारको विकास तथा विस्तार एवं सुधारमा लगाउन तथा अहिलेसम्म हामीहरुबाट भएको लगानीको रक्षा गर्दै आवश्यक प्रक्रियलाई थप सहजीकरण गर्नहुन हामी विनम्र अनुरोध गर्दछौं ।

.............................

सागर ढकाल

संयोजक